तिलोत्तमा नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

कुञ्जलापुर, मणिग्राम, रुपन्देही ।

लुम्बिनी प्रदेश, नेपाल

# नदीजन्य पदार्थको उत्खनन्, घाटगद्दी एवं बिक्री कार्यको बोलपत्र आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०७८/१०/२६)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क, र यस तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन २०७८ को दफा ८ को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी तिलोत्तमा नगरपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.२०७७/०७८ को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संलग्न गरी बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| सि. नं. | बोलपत्र नं. | उत्खनन् गरिने नदीघाटको नाम | उत्खनन् गर्नुपर्ने परिणाम (घ. फि.) | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | आय १५-२०७८/०७९ | तिनाउ- डिंगरनगर घाटक्षेत्र | २७,८४,००० | ५,०१,१२,०००.०० | कबोल अंकको ५% ले हुने रकमको बैंक भौचर वा सो बराबरको बैंक जमानत | ५०००.०० |
| २ | आय १६-२०७८/०७९ | तिनाउ- १० नं./गोरकट्टा घाटक्षेत्र | १८,८३,००० | ३,३८,९४,०००.०० | | ५०००.०० |
| ३ | आय १७-२०७८/०७९ | तिनाउ- हरपुर घाटक्षेत्र | २३,८८,००० | ४,२९,८४,०००.०० | | ५०००.०० |
| ४ | आय १८-२०७८/०७९ | तिनाउ- पहुनी घाटक्षेत्र | २३,८८,००० | ४,२९,८४,०००.०० | | ५०००.०० |
| ५ | आय १९-२०७८/०७९ | तिनाउ- सेमरी/ सुस्पुरा/ तिनधुरा घाटक्षेत्र | १९,०९,००० | ३,४३,६२,०००.०० | | ५०००.०० |
| ६ | आय २०-२०७८/०७९ | तिनाउ- बाग्धुरा/ चम्किपुर/ कौवा घाटक्षेत्र | ८,९७,००० | १,६१,४६,०००.०० | | ३०००.०० |
| ७ | आय २१-२०७८/०७९ | सुखौरा गणेशनगर पुल देखि पूर्व भुल्का सम्मको क्षेत्र | ७,९१,५०० | १,४२,४७,०००.०० | | ३०००.०० |

<u>ठेक्का सम्बन्धि शर्तहरुः</u>

१ फर्मको नविकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि बोलपत्र फाराम दस्तुर वापत को रकम NIC ASIA बैंकमा तिलोत्तमा नगरपालिका कार्यालयको नाममा रहेको आन्तरिक राजश्व खाता नं. १०५२०५५४९९५९९०१२ मा नगद

जम्मा गरेको बैंक भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३०औं दिन सम्मको कार्यालय समय भित्र कार्यालयबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२ बोलपत्र दाखिला गर्दा बोलपत्र खरिद दस्तुर रसिदलाई बोलपत्र सम्बन्धी कागजातसाथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

३ बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफुले कबोल गरेको अंङ्कको ५% को दरले हुन आउने धरौटी रकम NIC ASIA बैंकमा रहेको यस तिलोत्तमा नगरपालिका कार्यालयको धरौटी खाता नं. ए ५सी ए ५४९९५९९५२४०३ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त "क" वर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी कम्तिमा ९० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड सिलबन्दी खामसाथ पेश गर्नु पर्नेछ

४ खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं. मोबाइल नं. र ईमेल ठेगाना समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ ।

५ एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको २ बजे देखि यस कार्यालय र अन्य सम्बन्धित कार्यालय प्रतिनिधि, सम्बन्धित फर्मको प्रोपाईटर वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन विदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

६ प्रि-बिड बैठक यो सूचना प्रकाशित मितिले १५औं दिन दिनको २ बजे तिलोत्तमा नगरपालिकाको कार्यालयमा हुनेछ । ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिई यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नेछन् । उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोही समयमा हुनेछ ।

७ बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धि फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । म्याद नाघि, रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

८ बोलपत्र स्वीकृत भएमा सोको सूचना पत्र वा ईमेल वा फोनबाट पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले ७ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता वापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता वापत ५० प्रतिशतले हुन आउने रकमको लागि नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०७९ साल श्रावण मसान्त सम्मको म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स वन्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै बोलपत्र कबोल गर्ने फर्मले आफुले कबोल गरेको अंकको १३ प्रतिशत मूल्य अभिवृद्धि कर वापतको रकम तिलोत्तमा नगरपालिकाको विभाज्य कोष खातामा र १.५ प्रतिशत अग्रिम आयकर समेत आन्तरिक कार्यालयमा बुझाइ सोको भौंचर पेश गर्नुपर्नेछ ।

९ तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा वा लिन मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिनेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत गरिनेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर बढी हुने

भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको लिलाम बोलकर्तावाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ ।

**उत्खनन् सम्बन्धी शर्तहरु**

१. ठेक्का स्वीकृत भएपछि नगरपालिकाका प्राविधिकबाट उत्खनन् स्थलको चारैतर्फ सिमांकन गरिनेछ । सोही सिमाक्षेत्र भित्रबाट मात्र नदीजन्य पदार्थको उत्खनन् एवं संकलन गर्नुपर्नेछ ।
२. सामान्यतया नदीजन्य पदार्थको उत्खनन् स्थानीय जनशक्तिबाट हात, र हाते औजार जस्तै सावेल, हथौडा, कोदालो, गैति आदी लगायत प्रयोग गरि गर्नुपर्नेछ । मशिनको प्रयोग प्रयोग गर्नुपर्ने भएमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को दफा ४(४) बमोजिम हुनेछ
३. उत्खनन् तथा संकलनका लागि साधन सहित नदी प्रवेश गर्दाका बखत तोकिए बमोजिमको प्रवेश आदेश लिएर मात्र प्रवेश गर्न सकिनेछ ।
४. बोलपत्रदाताले उत्खनन्, संकलन तथा ढुवानी कार्यमा संलग्न कामदारका लागि खानेपानी, शौचालय, सुरक्षा, स्वास्थ्य र दुर्घटना बीमा आदीको प्रवन्ध मिलाउनुपर्नेछ ।
५. उत्खनन्को समय विहान ७ बजे देखि प्रारम्भ गरि साँझ ६ बजे सम्म मात्र गर्नुपर्नेछ ।
६. उत्खनन् गर्दा नदीको धारलाई असर नपार्ने गरि तथा सिँचाई प्रणाली लगायतका संरचनालाई समेत असर नपार्नेगरि गर्नुपर्नेछ । उत्खनन् क्रममा काम नलाग्ने भनि छाडिएका मालबस्तुलाई जुन स्थानबाट निकालिएको हो सोही स्थलमा मिलाएर राख्नुपर्नेछ ।
७. तोकिएको क्षेत्र बाहेक अन्यत्र स्थानबाट उत्खनन् गरेको पाईएमा वा सम्झौतामा उल्लेख गरिएको परिमाण भन्दा बढी उत्खनन पाईएमा सोको परिमाण एकिन गरी ठेकेदारबाट दोब्बर राजश्व असुली गरिने छ ।
८. यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी ढुंगा, गिट्टी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ र तिलोत्तमा नगरपालिकाबाट गरिएको प्रारम्भिक वातावरणीय प्रतिबेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

**घाटगद्दि सम्बन्धि शर्तहरु**

१. उत्खनन् एवं संकलन गरेको नदिजन्य पदार्थ उत्खनन् गरेको स्थलबाट ढुवानी गरि तोकिएको स्थानमा घाटगद्दि गर्नुपर्नेछ ।
२. घाटगद्दि गर्दा नापजाँच गर्न मिल्ने किसिमले चट्टा मिलाई गर्नुपर्नेछ ।
३. उत्खनन् अवधिभर बिक्री गर्न पाईनेछैन ।
४. घाटगद्दि स्थल सम्बन्धि विवरण यस कार्यालयको website र सूचना पाटिमा प्रकाशन गरिनेछ ।

**घाटगद्दिबाट बिक्री वितरण तथा ओसार पसार सम्बन्धि शर्तहरु**

१. उत्खखन् कार्य समाप्त भएपछि सम्बन्धित ठेकेदारले नापजाँचको लागि नगरपालिकामा अनुरोध गर्नुपर्नेछ ।
२. नगरपालिकाले प्राविधिक खटाई घाटगद्दिमा रहेको मालको परिमाण एकीन गराउनुपर्नेछ ।
३. अव्यवस्थित तवरले घाटगद्दि गरेको कारणले नाप लिन कठिनाई परेमा ठेकेदारले नाप लिन मिल्ने किसिमले चट्टा मिलाउनु पर्नेछ ।
४. प्राविधिकले नापजाँच गरि प्रतिवेदन दिएपछि मात्र नगरपालिकाले घाटगद्दिबाट बिक्री एवं ओसारपसार गर्न अनुमति दिईनेछ

५. ढुवानी गर्दा सवारी साधनको टाली/ढाला भन्दा माथि सम्म आउने गरि मालवस्तु भरेर बाटोमा खसाल्दै ढुवानी गर्न पाईने छैन । साथै टाली/ढाला राम्रोसंग बन्द गरि बाटोमा नखस्ने व्यवस्था मिलाउनु पर्नेछ ।

६. ढुवानी गर्ने सवारीले घाटगद्दी स्थलबाटै राम्रोसंग ढाकेर लैजानु पर्नेछ र सवारीको गति समेत ४० कि.मी. प्रति घण्टा भन्दा बढीमा हाक्न पाउने छैन ।

७. ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाउने छैन ।

८. नेपाल सरकारको निर्णय अनुसार नदीजन्य पदार्थ विदेश निकासी बन्द भएको हुंदा यस ठेक्का लिएको कारणबाट विदेश निकासी गर्न पाईने छैन ।

**अन्य शर्तहरु**

१. वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी कुनै कार्य गर्न पाईनेछैन । साथै IEE प्रतिवेदनमा उल्लेखित शर्तहरु पुर्ण रुपमा पालना गर्नुपर्नेछ । साथै यस कार्यालयबाट समय समयमा दिएका निर्देशनहरु पालना गर्नु पर्नेछ

२. मूलबाटोबाट घाटतर्फ सवारी साधन प्रबेश हुने मार्गको नियमित मर्मत गर्ने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ । सो वापतको खर्च रकम दावी गर्न पाईने छैन ।

३. नगरपालिका र ठेकेदार विच ठेक्का संचालन सम्बन्धि विवाद परि वा अन्य कुनै कारणबाट नगरपालिकालाई तिर्नुपर्ने रकम बाँकी रही असुल उपर गर्नु परेमा वार्षिक १०% का दरले हर्जाना व्याज क्षतिपुर्ति र मुद्दा मामिला गर्दा हुने सम्पूर्ण खर्च समेत ठेकेदारबाट असुल उपर गरिनेछ ।

४. तोकिएको किस्ता म्याद भित्र नबुझाएमा नगरपालिकाको तर्फबाट ठेक्का तोडी बिकी आदेश रोक्का गरीँ बाँकी रहेको किस्ता असुल उपर गर्ने तर्फ आवश्यक कानूनी कारवाही गरिनेछ । असुल उपर गर्न बाँकी रहेको रकममा वार्षिक १०% थप क्षतिपुर्ति स्वरुप असुल गर्न सकिनेछ ।

५. कुनै हडताल, बन्द, नाकाबन्दी, चक्काजाम, स्थानीय विवाद वा यस्तै अन्य कारणबाट बस्तु निकासी नभएको वा अन्य कुनै कारणबाट घाटा भएको भनि कुनै प्रकारको मिन्हा वा छुट दावा गर्न पाईने छैन ।

६. यस नगरपालिकामा बक्यौता तिर्न बाँकी रहेका व्यक्ति वा फर्महरुले पुरानो बाँकी चुक्ता नगर्दा सम्म बोलपत्रमा भाग लिन पाउने छैनन् ।

७. यसमा उल्लेख भएको कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

जीवन ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत

..................................
प्रमुख प्रशासकीय अधिकृत